सुकीर्तिमय राष्ट्रदीप
सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाल (पि एस सी)
Inspector General Shailendra Khanal (psc)

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
स्वयम्भु, काठमाडौं, नेपाल ।
Armed Police Force, Nepal Headquarters
Swayambhu, Kathmandu, Nepal

मिति :- २०७७/०१/०१ गते ।

# शुभकामना सन्देश

नयाँ वर्ष २०७७ को शुभ उपलक्ष्यमा सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाका राष्ट्रसेवकहरु, यहाँहरुको परिवारजन, पूर्व सशस्त्र प्रहरी राष्ट्रसेवकहरु एवं यहाँहरुको परिवारजन सबैमा सु-स्वास्थ्य, दीर्घायु र सम्पूर्ण सफलताको लागि म र मेरो परिवारको तर्फबाट हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

नयाँ वर्षले सशस्त्र प्रहरी बल, नेपाललाई दिईएका जिम्मेवारी तथा उत्तरदायित्व निर्वाह गर्न साथै देश र आम नागरिकहरुको सेवा, सुरक्षा, सहयोग र उद्दार कार्यमा कर्तव्यनिष्ठ, ईमान्दार, व्यावसायिक एवं अनुशासित भई कार्य गर्न प्रेरणा मिलोस् भनी कामना गर्दछु ।

अहिलेको परिप्रेक्ष्यमा कोभिड-१९ को महामारी विश्वव्यापी रुपमा फैलिरहेको र नेपालमा हुन सक्ने सम्भावित महामारीलाई रोक्न सीमा सुरक्षा लगायत देशका विभिन्न भागमा तैनाथ सम्पूर्ण राष्ट्रसेवकहरुबाट यस महामारीबाट बच्दै आम नागरिकलाई सेवा प्रदान गर्न ईष्टदेवी माता बगलामुखीको आशिर्वाद हामी सबैमा रहोस् भन्ने समेत प्रार्थना गर्दछु ।

(शैलेन्द्र खनाल)
सशस्त्र प्रहरी महानिरीक्षक